आज मिति२०८३/०६/०८ गते व्यास नगर कार्यपालिकाको २४७ औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखरेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८३/५/२३ गते भएको २४६ औं कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: कार्यालय र वडा कार्याको सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.३: सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

प्रस्ताव नं.४: अति वर्षाका कारण सामुदायिक विद्यालय बन्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५: नारेश्वर ताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ पारित गर्ने समबन्धमा ।

प्रस्ताव नं.६: सामुदायिक विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.७: नगरपालिकाको आय-व्यय सम्बन्धमा ।

प्रस्ताव नं.८: नदीजन्य पदार्थको उत्खनन,संकलन र बारुणयन्त्र सक्शन मेशिन सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.९: मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: नवप्रवर्तनीय साझेदारी कार्यक्रमको लागत साझेदारीता तथा दायित्व स्वघोषणा सम्बन्धमा ।

प्रस्ताव नं.११: व्यास नगरपालिकाको लोगो स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२: व्यास नगरपालिकाको खानेपानी तथा सरसफाई मापदण्ड, व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा ।

प्रस्ताव नं.१३: साझेदारी कोषको ब्याज र हर्जना मिनाहा सम्बन्धमा ।

प्रस्ताव नं.१४: लगत कट्टा सम्बन्धमा ।

प्रस्ताव नं.१५: रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं.१६: विद्यालय गुणस्तर सहयोग सम्बन्धमा ।

प्रस्ताव नं.१७: विपद्जन्य कार्यमा तत्काल सम्बोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१८: विषय परिवर्तन गरी दरबन्दी स्थानान्तरण सम्बन्धमा ।

प्रस्ताव नं.१९: विपद्जन्य एवं तत्काल सम्बोधन गर्नुपर्ने कार्यमा रकम विनियोजन गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०५/२३ गते भएको २४६ औं कार्यपालिकाका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मुख्य कार्यालय र वडा कार्यालयबाट भएका सेवा प्रवाहका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल ७८६२ मा २०८३/०६/०७ गतेसम्म ७४२३ जनाले नविकरण गर्नु भएको र ४३९ जना नविकरण गर्न वाँकी रहेको, नवीकरण गरेका मध्ये ३७ जनाले बैंक खाता खोल्न बाँकी रहेको समीक्षा गरियो । बाँकी लाभग्राहीहरूको नवीकरण गर्न र खाता खोल्न सम्बन्धित वडाबाट पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विद्यमान अति वर्षाको समयमा मिति २०८३/६/९ गते शुक्रबार सामुदायिक र संस्थागत विद्यालय बन्द गर्न सबै विद्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । साथै अति वर्षाको सम्भावना भएकाले सतर्कता अपनाउनु हुन सम्पूर्ण नगरवासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० मा निर्माणाधीन नारेश्वर ताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक लागत अनुमान (ल.ई.) तयार गराई २०८३ साल

असोज मसान्तभित्र सम्बन्धित वडा कार्यालय मार्फत माग गरी कार्यपालिका बैठकमा पेश गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८३/०८४ को कुल अनुमानित आय-व्यय बजेट रू.१,५६,०२,४८,०००। रहेकोमा मिति २०८३/०६/०७ सम्म रू.३३,१६,९२,१८१।९४ आय प्राप्त भएको तथा चालु तर्फ ४.९६ प्रतिशत र पूँजीगत तर्फ ७.०६ प्रतिशत खर्च भई कुल आयको २०.८ प्रतिशत तथा कुल खर्चको ५.६८ प्रतिशत प्रगति भएको व्यहोरा बैठकमा जानकारी भई तत्काल आवश्यक विषयमा भुक्तानीको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका र मध्यनेपाल नगरपालिका, लमजुङ बीच नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्रि-वितरण र बारुणयन्त्र सक्शन मेशिन सेवा सञ्चालन सम्बन्धमा आवश्यक सम्झौता (MOU) गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखराबाट मिति २०८३/०६/०२ गतेको प्रकाशित सूचना बमोजिम साझेदारी कार्यक्रमका लागि प्रस्ताव माग गरिएको हुँदा "**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" को** दफा ६ (ख) बमोजिम प्रस्ताव स्वीकार गर्ने निर्णय गरियो । साथै उद्यमशीलता र कृषि तथा पर्यटन प्रवर्द्धन क्षेत्रमा प्रस्ताव तयार गरी पेश गर्नका लागि कार्यविधीको दफा (च) बमोजिम वरिष्ठ प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्कीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागत साझेदारी गर्नका लागि आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, योजना कार्यक्रम तथा बजेट पुस्तिकामा रकम रू.३०,००,०००। (अक्षेरुपी तीस लाख) विनियोजन भएकोले परियोजना स्वीकृत भएमा "**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" को** दफा २४ बमोजिम यस पालिकाले नवप्रवर्तन साझेदारी कार्यक्रमको २० प्रतिशत रकम साझेदारीता गर्ने र परियोजनाको सञ्चालन, मर्मत सम्भार र दिगोपनको लागि सम्पूर्ण दायित्व व्यास नगरपालिकाले लिने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वस्तुस्थिति झल्कने लोगो निर्माण गर्न प्रस्ताव आव्हान गरिएकोमा ४ वटा व्यक्ति/फर्म/कम्पनीबाट प्रस्ताव पेश हुन आएकोमा उक्त प्रस्ताव सहितको लोगो मिति २०८३/०५/२३ गतेको कार्यपालिका बैठकमा पेश भई संशोधनका लागि सुझाव दिइएकोमा सुझाव सहितको अन्तिम प्रतिवेदन सहितको लोगो आजको बैठकमा पेश हुन आएकोले उक्त नगरको चिनारी सहितको निम्नानुसारको लोगो स्वीकृत गर्ने निर्णय गरियो ।



**<u>निर्णय नं.१२</u>**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको खानेपानी तथा सरसफाई मापदण्ड, व्यवस्थापन कार्यविधि, २०८३ निर्माण गर्ने सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१३</u>**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यस नगरपालिका वडा नं.११ मा रहेको कोकोलडाँडा टोल विकास संस्थाका अक्कल बहादुर तामाङ समेतले कोकोलडाँडा खसी बोका खरिद व्यवसाय गर्नका लागि रू.६५,४१४/६४ लगानी गरिएकोमा विभिन्न मितिमा साँवा बुझाई ब्याज र हर्जना रकम दिन नसक्ने भई मिनाहाको लागि वैठकमा पेश हुन आएकोले उक्त व्याज र हर्जना मिनाहा गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४</u>**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको नाममा रहेको ग १ व १५४६ नं.को मोटरसाइकल १, ग१व १३०८ नं.को मोटरसाइकल १ र ग१व ९९८ नं.को स्कुटर १ गरी ३ तीन थान दुइ पाङ्ग्रे सवारी साधन जेन्जी आन्दोलनका क्रममा तोडफोड गरी आगजनी हुँदा जलेर पूर्णरुपमा नष्ट भएकाले उक्त सवारी साधनहरुको लगत कट्टा गरिदिन यातायात व्यवस्था कार्यालय पोखरालाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१५</u>**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ को बजेट शीर्षक नं.७८, ७९, ८० र ८४ मा संघ राजश्व बाँडफाँड अन्तर्गत विनियोजित कुल रू.१,६७,००,०००। (अक्षरेपी एक करोड सतसठ्ठी लाख रुपैयाँ) मध्ये, व्यास नगरपालिका कार्यपालिकाको मिति २०८३/०५/०८ को निर्णय नं.२४५ बैठकबाट उल्लेखित शीर्षक अन्तर्गत रु.१,००,४९,०००। (अक्षरेपी एक करोड उनन्पचास हजार) खर्च हुने भई नगर सभाबाट विनियोजित बढी हुन आउने रू.६६,५१,०००। (अक्षरुपी छैसठ्ठी लाख एकाउन्न हजार) अन्य आवश्यक खर्च शीर्षकहरुमा रकमान्तर गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१६</u>**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ को बजेट पुस्तिका शीर्षक नं.८१ मा विद्यालय शैक्षिक गुणस्तर सुधार सहयोग कार्यक्रममा विनियोजित रकममध्येबाट तपसिलका विद्यालयहरुलाई सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा अति आवश्यक शिर्षकमा नियमानुसार खर्च गर्ने र सोको प्रतिवेदन पेश गर्ने गरी निम्नानुसारको अनुदान रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम, | ठेगाना | रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | सत्यवती माध्यमिक विद्यालय | व्यास -२ | १,००,०००/- | ८१ |
| २ | महर्षि सँस्कृत माध्यमिक | व्यास -३ | २,००,०००/- | ८१ |
| ३ | शंकर आधारभूत विद्यालय | व्यास -६ | १,००,०००/- | ८१ |
| ४ | सूर्योदय आधारभूत विद्यालय | व्यास -११ | १,००,०००/- | ८१ |

**<u>निर्णय नं.१७</u>**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा कार्यपालिकाको बैठक नभएको अवधिमा तत्काल विपद्जन्य कार्यमा सम्बोधन गर्नुपर्ने देखिंदा निम्नानुसार समितिलाई आवश्यक निर्णय लिई कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने गराउने निर्णय गरियो ।

(१) संयोजक - श्री वैकुण्ठ न्यौपाने - नगर प्रमुख
(२) सदस्य - श्री इन्दिरा दरै - उपप्रमुख
(३) सदस्य - श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत
(४) सदस्य - श्री रनसिं नेपाली - वन, वातावरण तथा विपद् व्यवस्थापन संयोजक
(५) सदस्य - डा. राजु पौडेल - पूर्वाधार विकास शाखा प्रमुख

(६) सदस्य - श्री अर्जुन बराल - आर्थिक प्रशासन शाखा प्रमुख
(७) सदस्य-सचिव - श्री मोहम्मद करिमुल्लाह मियाँ - विपद् उपशाखा प्रमुख

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफलका सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र सञ्चालित निर्मल माध्यमिक विद्यालय व्यास १ मा रिक्त हुन आएको माध्यमिक तहको अंग्रेजी विषयको दरबन्दीलाई सामाजिक विषयमा परिवर्तन गरी व्यास न.पा. वडा नं.७ स्थित क्यामिन माध्यमिक विद्यालयमा स्थानान्तरण गरी कायम गरी सम्बन्धित विषयका स्थायी शिक्षकहरुका लागि खुला सरुवा विज्ञापन गरी शिक्षक पदपूर्ति गर्न अनुमति प्रदान गर्ने क्यामिन माध्यविक विद्लायबाट दरबन्दी सहित स्थानान्तरण गरिएकव माध्यमिक तहको सामाजिक विषयको दरबन्दी निर्मल माध्यमिक विद्यालयमा कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य र अत्यावश्यक निम्न कार्यका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | भादगाउँ दरै समाज अधुरो घुमाउने घर निर्माण | १ | ५,००,०००/- | ९२२ |
| २. | सावित्री हड्खले घर संरक्षण मर्मत | १ | २,५०,०००/- | ९३५ |
| ३. | सिन्दुरपानी बहुउद्देश्यीय कृषक समुह पाइप खरिद | १ | १५,०००/- | ९२३ |
| ४. | मेलमिलाप सेवा समाज भवन निर्माण | १ | ५,००,०००/- | ९२२ |
| ५. | मासु बजार शौचालय मर्मत | ३ | १२,०००/- | ९३४ |
| ६. | विपद् सामग्री खरिद योजना | ३ | ३,५०,०००/- | ९३२ |
| ७. | व्यास क्षेत्र शिवपञ्चायन विकास कोष व्यास जयन्ती सहयोग | ३ | १,२०,०००/- | ६७ |
| ८. | नारायणी अधिकारी कृति प्रकाशन सहयोग | ४ | ५०,०००/- | १२० |
| ९. | कृष्णपुर विरता टोल स्ल्याव मर्मत | ४ | २४,०००/- | ९३४ |
| १०. | पराशर पार्क व्यवस्थापन एवं स्तरीकरण | ५ | ५,००,०००/- | ९२१ |
| ११. | काफ्लेफाँट समिचौतारा पुन:निर्माण | ६ | ५०,०००/- | ९३५ |
| १२. | शिशाघाट मादीनदी पुल संरक्षण तटबन्धन | ६ | ५,००,०००/- | ९३५ |
| १३. | भगवती अधिकारी व्याउने गाईको मृत्यू राहत | ७ | २५,०००/- | २३१ |
| १४. | तल्लो सामाली गोरेटो बाटो स्तरोन्नति | ७ | २,२५,०००/- | ९३५ |
| १५. | मिनाकुमारी सार्कीको घरको जीर्ण छाना हटाई नयाँ राख्ने | ९ | ५०,०००/- | ९३५ |
| १६. | नौमती बाजा संयुक्त पोशाक खरिद | ९ | ५०,०००/- | ११९ |
| १७. | शिला परियार व्यवसायीक सिलाई मेशिन खरिद | ९ | १५,०००/- | ११९ |
| १८. | सुमित्रा विश्वकर्मा बोकाको अचानक मृत्यु | ९ | ८,०००/- | २४० |
| १९. | सुनिता घर्ती खसी अचानक मृत्यु राहत | ९ | ८,०००/- | २४० |
| २०. | मञ्जु गुरुङ बोका अचानक मृत्यु राहत | ९ | ८,०००/- | २४० |
| २१. | कलेस्ती पौडेलबन्धु समाज भवन व्यवस्थापन | ९ | २,००,०००/- | ९२२ |
| २२. | अमरबहादुर कुवँर सिंचाई पाइप खरिद | १० | १४,०००/- | ९२३ |
| २३. | कटुवा खोला कुवा निर्माण | १० | ६५,०००/- | ९२३ |
| २४. | ईन्द्र माया कुसुण्डाको घरको छाना फेर्ने | १० | ४०,०००/- | ९३५ |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| २५. | दुम्सी बजार अधुरो सामुदायिक भवन निर्माण | १० | ५,००,०००/– | ९३५ |
| २६. | भानुको इनारदेखि ओझावती हुँदै अनन्त रिङरोड जोड्ने बाटो स्तरोन्नति | १० | ५,००,०००/– | ९३५ |
| २७. | पूर्णकान्त पौडेल घरको छाना फेर्ने काम दुम्सी बजार | १० | ५०,०००/– | ९३५ |
| २८. | गैह्राबारी टोल सडक बत्ती विस्तार | ११ | १,५०,०००/– | ९२९ |
| २९. | रानीगाउँ बोरिङ खानेपानी अधुरो योजना सहयोग | ११ | ५,००,०००/– | ९२३ |
| ३०. | इश्वरी तिवारी पन्थ, मुर्रा भैंसी अचानक मृत्यु | ११ | ३०,०००/– | २६२ |
| ३१. | तनहुंसुर खड्ककाली मन्दिर पूजा व्यवस्थापन | ११ | ६०,०००/– | ७६ |
| ३२. | तातोपानी मगर समाज भवन निर्माण | ११ | ४,००,०००/– | ९२२ |
| ३३. | चिस्यान केन्द्र गैह्राबारीमा जिप्सन राख्ने | ११ | ४५,०००/– | १४२ |
| ३४. | कोकलडाँडा तामाङ समाजको अधुरो भवन निर्माण | ११ | ५,००,०००/– | ९२२ |
| ३५. | आसापानी देवनिधि खानेपानी पाइप खरिद | १२ | ४०,०००/– | ९२३ |
| ३६. | नविन थापा, लाफा कृषि फर्म संरक्षण तारबार | १२ | २,००,०००/– | १४३ |
| ३७. | छाब्दी अद्रैत संस्था शौचालय निर्माण | १२ | १,००,०००/– | ९३५ |
| ३८. | छिर्कन कृषि अधुरो सामुदायिक भवन (व.शि.८८१ मा थप) | १२ | १,९५,०००/– | ९३५ |
| ३९. | केशवटार टोल मगर गुठ सामुदायिक भवन शौचालय निर्माण | १४ | १,५०,०००/– | ९३५ |

***